श्री ५ को सरकार

## कृषि मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४५।३।२० को निर्णयानुसार नेपाल कृषि सेवा, फूड प्रोससिंग एनालिसिस एण्ड न्यूट्रिशन समूहका उप-खाद्य अनुसन्धान अधिकृत पद-संकेत कृ।खा।अ।शा।०८।१ के. खा. अ. शालाका श्रीमती बिमला शर्मालाई मिति २०४५।२।८ देखि जेष्ठता कायम हुने गरी सोही सेवा, समूहको खाद्य अनुसन्धान अधिकृत (रा.प. द्वितीय (प्रा) उपसचिवस्तर) पदसंकेत कृ।खा।अ।शा।०६।१ मा बढुवा गरी केन्द्रीय खाद्य अनुसन्धान शाला, पौष्टिक पदार्थ अनुसन्धान तथा विकास शाखामा पदस्थापन गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४५।८।२० को निर्णयानुसार देहायबमोजिमका व्यक्तिहरूलाई नेपाल कृषि सेवा, फूड प्रोसेसिंग एनालिसिस एण्ड न्यूट्रिशन समूह, राजपत्राङ्कित तृतीय श्रेणीको (प्राविधिक) देहायबमोजिमको पदमा नियुक्ति गरी देहायबमोजिमको कार्यालयमा पदस्थापन गरेको छ ।

| क्र. सं. | नाम | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री टंकप्रसाद आचार्य | सहायक खाद्य अनुसन्धान अधिकृत, पदसंकेत कृ।खा।अ।शा।०७।१२ के. खा. अ. शाला, खाद्य अनुसन्धान शाखा । |
| २. | श्री राजेन्द्रप्रसाद आचार्य | सहायक फलफूल संरक्षण अधिकृत, पदसंकेत कृ।खा।अ।शा।०७।१ के. खा. अ. शाला, खाद्य अनुसन्धान शाखा । |
| | श्री गणेश दवाडी | सहायक खाद्य अनुसन्धान अधिकृत, पदसंकेत कृ।खा।अ।शा।०७।२३ के. खा.अ. शाला, खाद्य परीक्षण शाला, हेटौंडा । |

## सूचना ३

श्री ५ को सरकारले मिति २०४६।१२।२० को निर्णयानुसार श्रीमती जीवन प्रभा लामालाई नेपाल कृषि सेवा, फूड प्रोसेसिंग एनालिसिस एण्ड न्यूट्रिशन समूह, रा. प. तृतीय श्रेणीको कृ।खा।अ।शा।०७।१७ के.खा.अ. शालाको सहायक खाद्य अनुसन्धान अधिकृत पदमा बढुवा नियुक्ति गरी पौष्टिक पदार्थ अनुसन्धान तथा विकास शाखामा पदस्थापन गरेको छ ।



३६६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।